# जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.

पो.ब.नं. २२९०, हात्तिसार, काठमाडौं, नेपाल । फोन नं. ४४४३९४४, फ्याक्स नं. ४४४३५४४,
Email: info@gicnepal.com, Web: www.gicnepal.com


**परिशिष्ट १ (निर्देशन १ संग सम्बन्धित)**

**निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण**

## आ.व. २०७८/०७९ को तेश्रो त्रैमासिक (२०७८ चैत्र मसान्त) सम्मको लेखापरीक्षण हुन बाँकी वित्तीय परिणाम

### वासलात

(रु. लाखमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| **१** | **श्रोत (१.१ देखि १.५ सम्म)** | **१३,७४२.१२** | **१२,९१७.६१** | **११,७०१.७७** |
| १.१ | चुक्ता पूंजी | १०,०००.०० | १०,०००.०० | १०,०००.०० |
| १.२ | जगेडा तथा कोष | १,६७४.६० | १,३०३.५७ | ७५६.४४ |
| १.३ | बीमा कोष | १,९०४.७३ | १,४९२.४८ | ८८४.५६ |
| १.४ | महा-विपत्ती जगेडा | १६२.७९ | १२१.५६ | ६०.७७ |
| १.५ | तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी | - | - | - |
| **२** | **उपयोग (२.१ देखि २.५)** | **१३,७४२.१२** | **१२,९१७.६१** | **११,७०१.७७** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ५१९.९८ | ५०२.८८ | ४६९.५८ |
| २.२ | दीर्घकालीन लगानी तथा कर्जा | ५२३.६५ | ५२३.६५ | ४७३.६५ |
| **२.३** | **खुद चालु सम्पत्ति (३-४)** | **१२,६९८.४९** | **११,८९१.०८** | **१०,७५८.५४** |
| २.४ | अपलेखन वा समायोजन हुन बाँकी बिबिध खर्चहरू | - | - | - |
| २.५ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | - | - | - |
| **३** | **चालु सम्पत्ति, कर्जा तथा पेश्कीहरू (३.१ देखि ३.३ सम्म)** | **१८,४००.३०** | **१७,८०४.८७** | **१५,४५७.०९** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ६०३.०९ | ७२८.१४ | १,०७३.०६ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | १४,५८४.९१ | १३,४९०.३६ | १२,२५३.२७ |
| ३.३ | अन्य सम्पत्ति | ३,२१२.३० | ३,५८६.३७ | २,१३०.७६ |
| **४** | **चालु दायित्व तथा व्यबस्थाहरू (४.१ देखि ४.४ सम्म)** | **५,७०१.८१** | **५,९१३.७९** | **४,६९८.५५** |
| ४.१ | चालु दायित्व | २,०९४.१८ | २,२१३.७१ | १,५७१.५६ |
| ४.२ | असमाप्त जोखिम बापत व्यवस्था | १,५८२.८६ | १,६९९.१५ | १,३५०.२७ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ७२८.९१ | ७१९.७३ | ५७०.६४ |
| ४.४ | अन्य व्यवस्था | १,२९५.८६ | १,२८१.१९ | १,२०६.०८ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | बिबरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **१,४५१.१८** | **९९७.२२** | **१,१३६.२४** |
| १.१ | आय व्यय हिसावबाट सारेको | ४२१.२१ | २७१.३६ | ४७५.८३ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | १,०२९.९८ | ७२५.८६ | ६६०.४१ |
| १.३ | व्यवस्था फिर्ता | - | - | - |
| १.४ | अन्य आम्दानी | - | - | - |
| **२** | **व्यबस्था तथा खर्चहरू (२.१ देखि २.८ सम्म)** | **६२६.६७** | **४२८.३७** | **४९९.३७** |
| २.१ | व्यवस्थापन खर्च | १४२.४३ | ९४.२८ | १२५.३४ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | शेयर सम्बन्धी खर्च | - | - | - |
| २.४ | अन्य खर्चहरू | - | - | - |
| २.५ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी बोनस व्यवस्था | १३०.८८ | ९०.२९ | १०१.०९ |
| २.८ | आयकर | ३५३.३६ | २४३.७९ | २७२.९४ |
| **३** | **खुद नाफा - नोक्सान (१-२)** | **८२४.५१** | **५६८.८५** | **६३६.८७** |

### एकिकृत आय-ब्यय हिसाव

| क्र.सं. | बिबरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| **१** | **आय (१.१ देखि १.६ सम्म)** | **५,२३०.५२** | **४,२५०.१४** | **४,१००.२१** |
| १.१ | बीमाशुल्क (खुद) | १,९१२.४९ | १,३५०.०७ | १,६३६.२५ |
| १.२ | पुनर्बिमा कमिशन आय | १,१६९.९२ | ७९१.७५ | ९७४.३२ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | २८१.२७ | १८८.९९ | १८९.१८ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | आ.ब. शुरूको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ५४६.१४ | ५४६.१४ | १८६.३६ |
| १.६ | आ.ब. शुरूको असमाप्त जोखिम वापत ब्यवस्था | १,३२०.७२ | १,३७३.२१ | १,११४.११ |
| **२** | **ब्यय (२.१ देखि २.८ सम्म)** | **४,८०९.३२** | **३,९७८.७८** | **३,६२४.३९** |
| २.१ | दावी भुक्तानी (खुद) | १,०४७.०८ | ५९९.६१ | ४५९.७१ |
| २.२ | अभिकर्ता कमिशन | १४७.०२ | ९७.९४ | ९९.०७ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | २.४३ | ०.३१ | ०.३० |
| २.४ | सेवा शुल्क (खुद) | १९.१२ | १३.५० | १६.३६ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.६ | व्यवस्थापन खर्च | १,२८१.८९ | ८४८.५३ | १,१२८.०३ |
| २.७ | त्रैमासिकको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ७२८.९१ | ७१९.७३ | ५७०.६४ |
| २.८ | त्रैमासिकको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | १,५८२.८६ | १,६९९.१५ | १,३५०.२७ |
| **३** | **नाफा-नोक्सान हिसावमा सारेको (१-२)** | **४२१.२१** | **२७१.३६** | **४७५.८३** |

### अन्य विवरण

| क्र.सं. | बिबरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| १ | कुल बीमाशुल्क आर्जन (रकम रू. लाखमा ) | ७,२६८.७० | ४,६५७.०४ | ५,२२८.८६ |
| २ | जारी वीमालेखको संख्या | ५८,२३२ | ३८,०९८ | ६१,३१३ |
| ३ | नविकरण गरिएको बीमालेखको संख्या | १२,३४९ | ८,०९४ | ८,१९५ |
| ४ | कुल दावी भुक्तानी रकम (रू. लाखमा ) | २,०५२.०६ | १,१४९.५५ | १,९९५.४१ |
| ५ | कुल दावी भुक्तानी संख्या | १,५२१ | ८९१ | २,०८४ |
| ६ | कुल भुक्तानी हुन बाँकी दावी रकम (रू. लाखमा ) | ६,७६८.३७ | ५,६३५.९९ | २,५९६.१५ |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्या | ३,८८१ | ३,७९३ | २,३६१ |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम -१ (अनुसूची -१४) संग सम्बन्धित आ.व. २०७८/०७९ को तेश्रो त्रैमासिक प्रतिवेदन :

१. **त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरण :**

(क) त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धि हिसाब (लेखापरीक्षण हुन बाँकी) यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी रु. | १०.९९ | प्रति शेयर नेटवर्थ | १३७.४२ |
| पि. ई. अनुपात | ५१.३९ | प्रति शेयर कूल सम्पतिको मुल्य | १९४.४४ |

२. **व्यवस्थापकीय विश्लेषण :**

समिक्षा अवधिमा कम्पनीले गत आ.व.२०७७/०७८ को तेश्रो त्रैमासिकको तुलनामा बीमाशुल्क आम्दानी ३८% ले वृद्धि गरी रु. ७२ करोड २६ लाख आर्जन गर्न सफल भएको छ। देशको आर्थिक मन्दी तथा मुल्य वृद्धिले गर्दा आशातित व्यवसाय फस्टाउन सकेको छैन । तथापि, नियमित रुपमा विभिन्न बैंक, वित्तीय संस्थाहरु, स्थानीय निकायहरु लगायत अन्य संघ-संस्थाहरु संग व्यवसायिक सम्बन्ध स्थापित गरी व्यवसाय बिस्तार गर्दै, बीमालेख नविकरण नछुटाउने गरी कार्ययोजना सहित अघि बढेको साथै, ग्राहकवर्गहरुलाई गुणस्तरीय छिटो-छरितो सेवा प्रवाह गर्ने नीतिलाई यस कम्पनीले निरन्तरता दिईरहेको छ ।

कम्पनीले आगामी दिनमा व्यवसायिक विविधिकरण गरी मुलुकका विभिन्न प्रदेशहरुमा बीमा सम्बन्धि जनचेतना अभिवृद्धि गर्नको लागि प्रत्येक प्रदेशमा प्रदेश कार्यालय तथा आवश्यकता अनुसार शाखा कार्यालयहरु विस्तार गर्दै लाने र अग्नि तथा भूकम्प, कृषि तथा स्वास्थ्य बीमालाई उच्च प्राथमिकतामा राखिने योजना रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धि विवरण :**

(क) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको हालसम्म कुनै जानकारी नभएको ।

(ख) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको जानकारी नभएको ।

४. **कम्पनीको शेयर कारोवार सम्बन्धि विश्लेषण :**

**त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण** : (श्रोतः नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाइट www.nepalstock.com.np बाट ।)

| | | |
|---|---|---|
| **अधिकतम मुल्य** : रु. ७१० | **न्युनतम मुल्य** : रु. ५२९ | **अन्तिम मुल्य** : रु. ५६५ |
| **कारोवार भएको शेयर संख्या** : ४,३७,७०८ कित्ता | **कारोवार भएको दिन** : ५८ | **कारोवार संख्या** : ८,९८१ |

५. **समस्या तथा चुनौती :**

**आन्तरिक समस्या, चुनौती र समाधान :**

(क) चालु आ.व को नौ महिनाको लक्ष्य नजिक पुगेता पनि बजार व्यावस्थापन तथा पहुँचको कमि भएको महसुस गरी अतिरिक्त कर्मचारी व्यवस्थापन, समायोजन गरी बजार विभागलाई चुस्त दुरुस्त र समय सापेक्ष बनाउनु पर्ने बिषयलाई अगाडि बढाईएको छ ।

(ख) कोभिड-१९ को महामारीको कहर र यसले सृजना गरेको बीमा दावीले समयमा भुक्तानी गर्ने परिस्थिति जटिल हुन जाँदा आम सर्वसाधारण लाई बीमा प्रति नकारात्मक दृष्टीकोण पर्न गएको छ । उक्त छवि मा सकारात्मक छाप पार्न नेपाल सरकार, बीमा समिति तथा सम्पूर्ण बीमा व्यवसायी एकजुट भएर काम गर्नु पर्ने आवस्यकता देखिएको छ ।

(ग) बीमा बजारमा अस्वस्थ प्रतिस्पर्धा लाई चिर्दै, ग्राहक महानुभावहरुको आवस्यकता र जोखिमलाई ध्यानमा राखी स्तरीय बीमा सेवा प्रदान गर्ने अठोट लिईएको छ ।

(घ) बीमा सम्बन्धि प्रचार प्रसार तथा जनचेतनाको कमि महसुस गरेर नै ज्ञानवर्धक तथा शिक्षाप्रद बीमा सम्बन्धि विज्ञापन र प्रचार प्रसार गरिएको छ । बीमा संग सम्बन्धित कार्यक्रम र प्रस्तुतिमा अग्रसर रही आएको छ ।

(ङ) दक्ष जनशक्ति को अभाव टार्न समय समयमा कर्मचारी प्रशिक्षण, अनुगमन र मुल्यांकन गर्ने गरिएको छ । कम्पनीको व्यवसायमा उल्लेख्य योगदान प्रदान गर्ने कर्मचारीलाई उचित सम्मान तथा वृत्ति विकासमा ध्यान पुराइएको छ ।

**वाह्रय समस्या, चुनौती र समाधान :**

(क) देशको अर्थतन्त्र को वृद्धि दर कमजोर हुँदा र बैंकमा तरलता अभाव हुँदा समग्र बीमा व्यावसायमा नकारात्मक असर परेको विदितै छ । तथापि, उक्त असमान्य परीस्थितिमा पनि बीमा सेवा मा कुनै पनि कमि महसुस हुन नदिई सेवा को निरन्तरता दिईएको छ ।

(ख) राष्ट्रियस्तरमा सोंचे अनुरुप उद्योग, कलकारखाना, व्यापार, पारवहन तथा कृषिको बढोत्तरी नभएतापनि बीमा सेवाबाट बन्चित रहेका क्षेत्रमा पहुँच विस्तार गरी सेवा विस्तार गर्ने योजना रहेको छ ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहेको छ साथै संस्थागत सुशासन कायम राख्न कम्पनीले देहाय बमोजिम कदम अवलम्बन गरेको छ ।

(क) संचालक समिति, बीमा ऐन, बीमा नियमावली तथा विध्यमान कानून र अन्य नियमनकारीको नियम तथा निर्देशनको पूर्ण पालना गरी संस्थागत सुशासनलाई निरन्तर पालनाको लागि संचालक समिति तथा व्यवस्थापन कटिवद्ध रहेको छ ।

(ख) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित छ, साथै आन्तरिक तथा बाह्य लेखापरीक्षकको सुझाव अनुसार कार्यसम्पादन गरिंदै आएको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्यतथ्य पूर्ण छन र लगानीकर्ताहरुलाई उपयुक्त निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारी लुकाईएको छैन ।